# विश्व न्याय गृह
रिज्वान २०२१

विश्व भरिका बहाईहरू
अति प्रिय मित्रहरू,

धर्मको ईतिहासको सवभन्दा स्मरणिय अध्यायका अन्तिम शब्दहरू अब लेखि सकिएका छन् र पाना पल्टाइएको छ । यो रिज्वानले एक असाधारण वर्षको समापनको चिन्ह लगाएको छ र साथै सन् १९९६ मा शुरु भएका सम्पूर्ण योजनाहरूको श्रृखला पूरा भएको जनाउँछ । योजनाको एउटा नयाँ श्रृखलाले इशारा गर्दैछ, साथै आउँदा आशाजनक वाह्र महिनाले आगामी रिज्जवानमा प्रारम्भ हुने नौ वर्षे प्रयासको भूमिकाको रुपमा काम गर्ने छ । हामीले हाम्रो अगाडि एउटा दूत गतिमा बल प्राप्त गरिरहेको समुदाय देखिरहेका छौं र अझ अगाडि बढ्नको लागि ठूलो कदम लिन तयार भएको छ । यस विन्दु सम्म पुग्नका लागि कति प्रयास आवश्यक पर्‍यो भन्ने बारे कुनै भ्रम हुनु हुँदैन र त्यस मार्गमा सो विन्दुसम्म पुग्नको लागि आवश्यक अन्तर्दृष्टि प्राप्त गर्न कति संघर्ष गर्नु पर्‍यो: त्यसबाट सिकिएका पाठहरूले समुदायको भविष्यको आकार निर्माण गर्नेछन् र कसरी सिकियो भन्ने कुराले भविष्यमा के के आउने छ भन्ने बारे प्रकाश पार्नेछ ।

सन् १९९६ सम्मका दशकहरूलाई हेर्दा तिनीहरूमा आफ्नै खालका प्रगति र अन्तर्दृष्टिहरूले सम्पन्न भएको देखिन्छ, र थुप्रै समाजहरूमा ठूलो संख्यामा प्रभुधर्मको ध्वजामुनि प्रवेश गर्न तयार भएको कुरामा कुनै शंका थिएन । तर पनि, ठूलो संख्यामा नामांकन भएका घटनाहरू उत्साहजनक भए तापनि त्यसबाट स्थायी वृद्धिको प्रकृया विविध परिस्थितिमा विकास गर्न सकिने प्रमाण देखिएन । समुदायको अगाडि गहन प्रश्नहरू उत्पन्न भए जुन त्यस समयमा प्रर्याप्त मात्रामा उत्तर दिन आवश्यक अनुभव थिएन । विस्तारका प्रयासहरू सुदृढिकरण सँग सँगै कसरी अघि बढ्ने छन् र वृद्धिको प्रकृयालाई स्थायित्व दिनको लागि लामो समय देखि हेर्दा वसमा ल्याउन नसकिने चुनौतिको कसरी समाधान गर्ने ? बहाउल्लाहका शिक्षाहरूलाई कार्यक्षेत्रमा ल्याउनका लागि कसरी योग्य व्यक्तिहरू, संस्थाहरू र समुदायहरूको विकास गर्ने ? र ती व्यक्तिहरू जो बहाई शिक्षाद्वारा आकर्षित भए तिनीहरू एउटा विश्वव्यापी आध्यात्मिक अभियानका नायक बन्न सक्छन् ?

यसरी नै एक चौथाई शताब्दी पहिले आफ्नो अग्रपंतिमा प्रभु धर्मका तीन धर्मभुजा रहेको समुदायले एउटा चार वर्षे योजना शुरु गर्‍यो, र त्यसभन्दा अघिका योजना भन्दा फरक एउटै लक्ष्य अर्थात फौजको संख्यामा प्रवेशलाई उल्लेखनीय रुपमा अघि बढाउने प्रयास गर्‍यो । त्यसपछिका योजनाहरूको श्रृखलालाई यही लक्ष्यले परिभाषित गर्‍यो । समुदायले यो कुरा बुझिसकेको छ कि यो प्रकृया ठूलो संख्यामा समूहहरूले धर्ममा प्रवेश गर्नु मात्र थिएन, न त यो आफै प्रकट हुने हो, यसको लागि उद्देश्यपूर्ण, व्यवस्थित, गतिशिल विस्तार तथा सुदृढिकरण आवश्यक थियो । यस कामको लागि ठूलो संख्यामा आत्माहरूको सहभागिता आवश्यक हुनु पर्ने थियो, र १९९६ मा यसको लागि आवश्यक विशाल शैक्षिक चुनौति अपनाउन बहाई विश्वलाई आह्वान गरियो । यसको लागि आवश्यक तालिम प्रतिष्ठानहरूको संजालको स्थापना गर्न आह्वान गरियो, जसको ध्यान वृद्धि प्रकृयालाई स्थायी रुप दिनका लागि सक्षम व्यक्तिहरूको प्रवाह उत्पादन गर्ने काममा केन्द्रित गर्न आवश्यक थियो ।

मित्रहरूले पहिलेका प्रशिक्षण कार्यमा प्राप्त भएका विजयहरू जे सुकै भए पनि त्यसलाई बुझेर यो कार्यमा सक्रिय भए, जब कि स्पष्ट रुपमा के कस्ता क्षमताहरू प्राप्त गर्ने र निर्णायक रुपमा

कसरी गर्ने भन्ने धेरै कुराहरू सिक्न पर्ने थियो । धेरै उपायहरूद्वारा समुदायले काम गरेर सिक्ने र सिकेको पाठहरूलाई  परिष्कृत रुपमा विभिन्न परिस्थितिमा प्रयोग भएपछि उपयुक्त समयमा पाठ्य सामाग्रीमा समावेश गरिन सम्भव हुने भयो । यो कुरा स्वीकार गरियो कि केही क्रियाकलापहरू जनसमुदायका आध्यात्मिक आवश्यकताहरूकै स्वाभाविक प्रतिक्रियाको रुपमा थिए । अध्ययन समूहहरू, बालकक्षाहरू, भक्तिभाव कार्यक्रम र पछि गएर किशोरकिशोरी समूहहरू यस सन्दर्भमा बढी महत्वपूर्ण देखिए र अन्य संम्बन्धित क्रियाकलापहरू सँग मिलाउँदा यसबाट उत्पन्न गतिशीलताले सामुदायिक जीवनको एउटा जीवन्त ढाँचा उत्पन्न गर्न सक्ने देखियो । र जब यी प्रमुख गतिविधिहरूमा भाग लिनेहरूको संख्यामा बढ्दै गयो । तिनीहरूले मूल उद्देश्यमा एउटा नयाँ आयाम थपियो । तिनीहरूले युवा, वयस्क तथा पुरा परिवारहरूलाई बहाउल्लाहको प्रकटिकरणसँगको सम्पर्क ल्याउनका लागि प्रवेशद्वारको रुपमा काम गरे । यो पनि स्पष्ट हुँदै गयो कि समुदायको निर्माणको काम सम्बन्धी रणनीतिको लागि समुदायलाई विकास गर्न “क्लष्टर” को सन्दर्भमा हेर्नु व्यवहारिक देखियो: क्लष्टर भन्नाले एउटा व्यवस्थापन योग आकारको भौगोलिक क्षेत्र जसको सामाजिक तथा आर्थिक, प्रकृतिहरू भिन्न र स्पष्ट खालका छन् । क्लष्टर स्तरका साधारण योजनाहरू तयार गर्न सक्ने क्षमताको विकास गर्न थालियो, र यस्ता योजनाहरूबाट धर्मको वृद्धिको लागि कार्यक्रमहरू तर्जुमा हुन थाले; यसलाई तीन महिने क्रियाकलापका चक्रहरूको विकास गर्न थालियो । यी क्लष्टरहरूलाई निरन्तर विकासको बाटोमा लग्यो भने र व्यक्ति व्यक्तिलाई पाठ्यक्रमहरूको अनुक्रम अनुसार अघि बढाइयो भने निरन्तरता कायम हुन सक्छ भन्ने कुरा यो अभियान शुरु गर्दा कै अवस्थामा स्पष्ट हुन थालेको थियो । यो पूरक सम्बन्धले सबै स्थानका मित्रहरूलाई आफ्नो वरिपरि वृद्धिको गतिशीलताको मूल्यांकन गर्न मद्दत गऱ्यो र बढी प्रभावशाली बन्ने बाटो पनि पहिल्याउन मद्दत गऱ्यो । समय वित्दै जाँदा कुनै क्लष्टरमा तीन शैक्षिक अनिवार्यता केटाकेटी, किशोरकिशोरी र युवा तथा वयस्कहरूको सेवा र विकासको लागि आवश्यक क्रियाकलापहरूको चक्र दुवैको दृष्टिकोणबाट हेर्नु आवश्यक देखियो । यो पच्चीस वर्षे प्रयासको बीचमा देखिएको वृद्धि प्रकृयाका हाल देखिन सकिने प्रकृतिहरू राम्ररी स्थापित हुन थालेका थिए ।

जब साथीहरूका प्रयास तीव्र हुन थाले विभिन्न सिद्धान्तहरू, अवधारणा र रणनीतिहरू जुन वृद्धि प्रक्रियासँग सम्बन्धित थिए, ती कार्यका लागि प्रारुप बन्न गए र नयाँ तत्वहरू समावेश गर्न सक्ने भए । यो प्रारुपले ठूलो जीवन शक्ति, प्रवाह गर्न सक्ने प्रमाणित भयो । यसले मित्रहरूलाई आफ्ना उर्जा अनुभवबाट देखिएका उपायहरूद्वारा स्वस्थ समुदायहरूको विकासको लागि प्रवाह गर्न सहयोग गऱ्यो । तर कुनै प्रारुप वा ढाँचा भनेको कुनै विधि होइन । यस्तो प्रारुपका विभिन्न तत्वहरूलाई विचार गर्दै कुनै क्लष्टर, टोल घरछिमेक मात्रको पनि वास्तविकताको मूल्यांकन गर्दा क्रियाकलापहरूको एउटा रुपरेखा तयार गर्न सकिन्छ, बहाई विश्वले सिकिरहेको कुराहरू हेरेर र त्यस विशेष स्थानलाई ध्यानमा राखेर । एक तर्फ कठोर आश्यकताहरू र असीमित व्यक्तिगत प्राथमिकताहरू र अर्को तर्फ व्यक्ति व्यक्तिले एउटा सुसंगत प्रकृयालाई राम्ररी बुझेर अनुभव प्राप्त गर्दै जाँदा निरन्तर रुपमा परिस्कृत गर्न सकिने प्रकृयाको समर्थन गर्न सक्छन् । यसमा कुनै शंका होस् यस प्रारुपको प्रगति प्रादुर्भाव सँग सँगै कति प्रगति भयो भन्ने कुरामा: सम्पूर्ण बहाई विश्वका प्रयासहरूको समन्वय र एकीकरण गर्नका लागि यसको अगाडि बढ्ने प्रकृयामा त्यसको ठूलो प्रभाव थियो ।

जब एउटा पछि अर्को योजना आयो र समुदाय निर्माणको काम बढी फराकिलो भयो र संस्कृतिको स्तरमा भएको प्रगति झन स्पष्ट भयो । उदाहरणको लागि, युवा पुस्तालाई शिक्षा दिनुको महत्वको अझ व्यापक रुपमा सराहना गरियो, साथै खासगरी नयाँपुस्ताले प्रतिनिधित्व गर्ने समूहको असामान्य सम्भाव्यता पनि प्रष्ट हुन गयो । एक अर्कालाई सहयोग गर्ने र साथ साथै साझा मार्गमा अघि बढने आत्माहरू, निरन्तर रुपमा आपसी समर्थनको घेरा फराकिलो पार्दै, सेवाको लागि आफ्नो

क्षमता विकास गर्ने उद्देश्यको लागि उपयुक्त ढाँचा बन्न गयो । मित्रहरू बीचका र आफ्ना वरिपरिका व्यक्तिहरू सँगका अन्र्तकृयामा समेत परिवर्तन आयो, जब आध्यात्मिक संवेदनशीलतालाई जगाउन र स्थीर राख्नका लागि अर्थपूर्ण वार्तालापको शक्तिबारे चेतना बढ्न गयो । अझ महत्वपूर्ण रुपमा बहाई समुदायहरूले बढ्दो मात्रामा बाहिर हेर्ने संस्कार अपनाए । प्रभु धर्मको दृष्टिमा चाख लिने व्यक्ति कुनै प्रवर्धक वा सहजकर्ता नै किन नहोस्, शैक्षिक गतिविधिहरू, उपसनाका बैठकहरू र अन्य समुदाय निर्माण सम्बन्धी काममा सक्रिय सहभागी बन्न सक्छन् । यी मध्ये धेरै आत्माहरूले बहाउल्लाहप्रति आफ्नो आस्थाको घोषणा गर्नेछन् । यसरी, फौजको संख्यामा प्रवेशको परिकल्पना यस्तो किसिमले निस्क्यो कि त्यो सिद्धान्तहरू र मान्यताहरूमा भन्दा बढी वास्तविक अनुभवमा भर गर्न थाल्यो, ठूलो संख्यामा मानिसहरूले प्रभुर्धको सम्पर्कमा कसरी आउँदछन्, त्यसका लक्ष्यहरूसँग कसरी पहिचान गर्दछन्, त्यसका क्रियाकलापहरू र विचार विमर्शमा कसरी संलग्न हुन्छन् र कैयौं पटक त्यसलाई कसरी स्वीकार्दछन् । साँच्चै नै, एक पछि अर्को क्षेत्रमा प्रतिष्ठान प्रकृया सुदृढ हुँदै गएपछि योजना काममा भाग लिने, भर्खरै धर्मबारे परिचित भएकाहरू समेतको, संख्या तिव्र गतिमा बढ्न गयो । तर यो केवल संख्याको लागि संचालित थिएन । एउटा व्यक्तिगत तथा सामूहिक रुपान्तरण साथ साथै भइरहेको थियो जुन ईश्वरका शब्द र एक अर्काको क्षमताको कदरको मजबुद जगमा स्थापित भएर एउटा आध्यात्मिक नाटकका नायक बनी सामूहिक प्रयासको भावना उत्पन्न भएको थियो ।

यो पच्चीस वर्षे अवधिका सबै भन्दा उल्लेखनीय र प्रेरणादायक विशेषता हो बहाई युवाहरूले गरेको सेवा, समुदायको प्रयासहरूको अग्रपंक्तिमा रहेर तिनीहरूले आस्था र बहादुरीका साथ आफ्नो सही स्थान प्राप्त गरे । धर्मका शिक्षक र युवाहरूका अध्यापक, मोवाइल टुटर्स र स्वदेशी अग्रणी, क्लष्टर संयोजक र बहाई संस्थाहरूको रुपमा पाँचै महादेशका युवाहरूले भक्ति तथा त्यागको भावनाले आफ्ना कर्तव्य पुरा गर्न देखाएको परिपक्वताबाट यो देखिन्छ कि यस दैवी योजनालाई अघि बढाउने काममा तिनीहरूको आध्यात्मिक सजीवता र मानवजातिको भविष्य तर्फको सुरक्षा व्यक्त भएको देखिन्छ । यो बढ्दो स्पष्ट परिपक्कतालाई स्वीकार्दै हामीले निर्णय गरेका छौ कि यस रिज्वानको लगतै पछिबाट अनुयायीले आध्यात्मिक सभामा सेवा गर्न एक्काइस वर्षको हुनु पर्ने नियम कायम नै रहनेछ भने बहाई निर्वाचनमा मत दिने सक्ने उमेर घटाएर अठार वर्ष कायम गरिएको छ । हामीलाई कुनै शंका छैन सबै ठाउँका उमेर पुगेका बहाईहरूले “विवेकशीलता र मिहेनत” का साथ आफ्नो “पवित्र कर्तव्य” प्रत्येक बहाईलाई आह्वान गरिए अनुसार, पुरा गर्नेछन् ।

हामी सचेत छौं कि समुदायहरूका वास्तविकताहरू धेरै फरक छन् । विभिन्न राष्ट्रिय समुदायहरू र ती समुदाय भित्रका विभिन्न स्थानहरूको यी योजनाहरू श्रृखला विकासका विभिन्न विन्दुबाट शुरु गरे र विभिन्न रफतारमा अघि बढ्दा प्रगतिको विभिन्न चरणमा पुगे । यो आफैमा, कुनै नयाँ कुरा होइन । यो सँधै भइरहेको कुरा हो कि विभिन्न स्थानको परिस्थिति बेग्लै हुन्छन्, र ग्रहणशीलताको मात्रा पनि फरक हुन्छ । तर हामीले बढ्दो समुद्री लहर पनि देख्दैछौ, जसको कारण धेरै जसो समुदायहरूको क्षमता आत्माविश्वास र संचित अनुभवहरू बढ्दै छन् जसलाई आफ्नो नजिक तथा टाढाका समुदायबाट थप बल मिलेको छ । उदाहरणको लागि, ती आत्माहरू जो एउटा नयाँ स्थान खोल्नका लागि उठेका थिए १९९६ मा तिनीहरूसँग साहस, विश्वास र भक्ति बाहेक अरु केही थिएन, आज सबै ठाउँमा उनीहरूका समकंक्षीहरूसँग भने ती गुणहरू बाहेक ज्ञान, अन्तर्दृष्टि तथा अन्य सीपहरू थपिएका छन् जुन समस्त बहाई विश्वको विस्तार सुदृढिकरण कार्यलाई सुव्यवस्थित गर्ने प्रयासबाट प्राप्त भएका हुन् ।

कुनै समुदाय जुन सुकै शुरुवात विन्दुबाट प्रवेश गरेको भएता पनि त्यसले वृद्धि प्रकृयालाई अघि बढाएको हुन्छ जब त्यसले भक्ति, लगनशीलता र प्रतिवद्धतालाई सिक्ने तत्परतासँग मिलाएको

हुन्छ । वास्तवमा, यी योजनाहरूको श्रृखलाको एउटा स्मरणीय विरासत यो हो कि कुनै पनि प्रयास सिक्ने अभिमुखीकरण तिर रहेको व्यापक रुपमा स्वीकार गरिएको छ । यस नियमको सरलताले यस पछिका प्रभावहरूलाई झुटो सावित गर्दछ । हामीलाई शंका छैन कि समय दियो भने प्रत्येक क्लष्टरले विकासको निरन्तरता तर्फ प्रगति गर्नेछ; जुन समुदायहरूले सबै भन्दा छिटो अघि बढे, आफू सरहका परिस्थिति र सम्भावनाहरू भएकाहरूसँग तुलना गर्दा, तिनीहरूले विचारको एकता र प्रभावकारी कार्यलाई बढावा, दिएको देखिन्छ । र तिनीहरूले कार्य गर्न हिच्किचाएनन् ।

सिक्ने प्रतिवद्धताको अर्थ यो पनि हो कि गल्ती गर्न सकिने तयारी-र अवश्य पनि गल्तीले असुविधा ल्यायो । यो आश्चर्यको कुरा होइन कि नयाँ विधि तथा दृष्टिकोणहरू शुरु शुरुमा अनुभवहीन रुपमा प्रयोग गरियो व्यवहारिक ज्ञानको कमिले र कहिले र कहिलेकाँही हालै हासिल गरेको क्षमता हराउन गयो जब समुदाय अर्को क्षमताको विकास गर्न तिर लाग्यो । राम्रो मनसाय हुनु गल्तीबाट बच्ने कुनै प्रत्याभूति होइन, र त्यस्तो परिस्थितिबाट पार हुन नम्रता र निर्लिप्तता दुवै आवश्यक हुन्छन् । जब कुनै समुदायले सहनशीलता देखाउन प्रतिबद्ध हुन्छ र सामान्यरुपमा हुने गल्तीहरूबाट सिक्ने संकल्प गर्छ तब प्रगति अवश्य हुन्छ ।

योजनाहरूको श्रृखलाको मध्यतिर समाजको जीवनमा समुदायको संलग्नताले बढी ध्यान पाउन थाल्यो । अनुयायीहरूलाई आफ्ना प्रयासका दुई आपसमा सम्बन्धी विषयहरू विचार गर्न प्रोत्साहित गरियो- सामाजिक कार्य र समाजका प्रचलित विचार विमर्श । यी अवश्य पनि विस्तार र सुदृढिकरणका विकल्प थिएनन्, अझ अलमलाउने काम गर्ने थिएनन् । तिनीहरू यसै भित्र अन्तर्निहित थिए । समुदायले जति बढी मानव संसाधन जुटाउन सक्दथ्यो त्यति नै बहाउल्लाहको प्रकटिकरणको ज्ञान त्यस समयका चुनौतिहरूका लागि प्रयोग गर्न सक्थ्यो - उनका शिक्षाहरूलाई वास्तविकतामा परिणत गर्न । यस समयका मानवजातिका समस्याग्रस्त मामिलाहरू हेर्दा दैवी चिकित्सकले निर्धारण गरेको उपचारको अत्यावश्यकता बुझ्न सकिन्छ । यी सब कुराहरूमा यो पनि बुझिन्छ कि संसारभरि प्रचलित धर्मको अवधारणा भन्दा यसको अवधारणा बेग्लै थियो: यसले धर्मलाई एउटा सवल शक्तिको रुपमा हेर्दछ, जसले सँधै अघि बढिरहेको सभ्यतालाई अझ अघि धकेल्छ । यो पनि बुझिएको थियो कि यस्तो सभ्यता आफै अनायस प्रकट हुने होइन - यसको उत्पति लागि बहाउल्लाहका अनुयायीहरूले परिश्रम गर्नुपर्ने हुन्छ । यस्तो महत्वपूर्ण कार्यको लागि उही व्यवस्थित शिक्षणको प्रकृया सामाजिक कार्य र सार्वजनिक विचार विमर्शमा प्रयोग गर्न पर्ने आवश्यक देखियो ।

गएको साढे दुई दशकको दृष्टिकोणबाट हेर्दा सामाजिक कार्य गर्ने क्षमता उल्लेखनीय रुपले बढेको छ फलस्वरुप क्रियाकलापहरू निक्कै फस्टाएका छन् । सन् १९९६ सँग तुलना गर्दा त्यस वर्ष जम्मा २५० सामाजिक तथा आर्थिक विकासका आयोजना थिए भने अहिले १५०० बटा छन् र बहाई प्रेरित संस्थाहरूको संख्या चार गुणा बढेर १६० भन्दा बढी पुगेको छ । हाल ७०,००० भन्दा बढी स्थानीय स्तरको समाजिक कार्यका पहलहरू संचालन गरिएका छन् यस्ता छोटो अवधिका कार्यहरू पचास गुणा बढेका छन् । बहाई अन्तर्राष्ट्रिय विकास संस्थाको समर्पित समर्थन र प्रोत्साहनको कारण हामीले यस्तो प्रयास निरन्तर बढ्दै जाने प्रतिक्षा गरेका छौं । यसै बीच समाजका प्रचलित बातचितमा बहाई सहभागिता पनि उल्लेखनीय रुपले बढेको छ । साथीहरूले व्यक्तिगत सर्म्पकमा वा आफ्नो काम गर्ने ठाउँमा भएका कैयौं कुराकानीमा बाहेक बढी औपचारिक छलफलको सन्दर्भमा पनि बहाई दृष्टिकोण प्रस्तुत गर्ने अवसर उल्लेखनीय रुपले बढ्न गयो । हाम्रो मनमा बहाई अन्तर्राष्ट्रिय समुदायको निक्कै बढेको प्रयासहरू र बढी परिष्कृत योगदान मात्र नभई बहाई राष्ट्रिय वाह्य सम्पर्कका कार्यालयहरूको निक्कै सुदृढ संजालको काममा मुख्य ध्यान केन्द्रित भयो; र साथै यी क्षेत्रमा व्यक्ति बहाईहरूको पनि विशेष क्षेत्रहरूमा अन्तदृष्टि युक्त र उल्लेखनीय योगदान पनि भएको देखियो । यी सबैका कारण केही हदसम्म विचारका अगुवाहरू र समाजका सबै स्तरका विशिष्ट व्यक्तिहरूले पटक

पटक प्रभु धर्म, यसका अनुयायीहरू र क्रियाकलापलाई सम्मान, प्रशंसा र तारिफ किन गरिरहेको छन् भने कुरा बुझ्न सकिन्छ ।

यो सम्पूर्ण पच्चीस वर्षे अवधिको समीक्षा गर्दा बहाई विश्वले साथ साथै गरेको धेरै किसिमको प्रगतिले हामीलाई अचम्मित पार्दछ । यसको बौद्धिक जीवन फस्टाएको छ, माथि उल्लेख गरि सकिएको यसका विभिन्न क्षेत्रमा भएका प्रगतिबाट मात्र नभएर बहाई लेखकहरूद्वारा प्रकाशित उच्च गुणस्तरको साहित्य, बहाई शिक्षाको आधारमा विभिन्न विषयमा भएका अनुसन्धान, "इन्सटिच्युट फर ग्लोबल प्रस्पेरिटी" ले धर्मका संस्थाहरूसँग मिलेर आयोजना गरेका स्नातक र पूर्वस्नातक स्तरका गोष्ठीहरू जसले एक सय देशका युवाहरूलाई सेवा पुऱ्याइरहेका छन् । उपसना गृहहरू निर्माण गर्ने काममा तिब्रता देखिएको छ । अहिले सम्मको अन्तिम मातृ मन्दिर चिलीको सान्टियागोमा निर्माण भयो, र दुईवटा राष्ट्रिय र पाँचवटा स्थानीय माशरिकुल अध्करमा काम शुरु गरियोः वाट्टाभावाङ्ग क्याम्बोडीयामा र कोलोम्बियाको नोर्टेडेल कसाका मन्दिर खुलिसकेको छन् । बहाई मन्दिरहरू, हालै उद्घाटन गरिएका अथवा पुराना सबैले सामुदायिक जीवनमा बढ्दो मात्रामा महत्वपूर्ण भूमिका खेल्न थालेका छन् । मित्रहरूले संचालन गरिरहेका असंख्य प्रयासहरूको लागि सर्व साधारण अनुयायीहरूले प्रदान गरिरहेको भौतिक सहयोग उदार रहेको छ । यसै सामूहिक आध्यात्मिक जीवन शक्तिको मात्राको रुपमा हेर्दा यस्तो आर्थिक उथलपुथलको समयमा कोषको प्रवाह कायमै रहेको छ - हैन अझ त्यसको शक्ति, बढेको छ । बहाई प्रशासनको क्षेत्रमा, अहिलेको बढ्दो जटिलताको बाबजुद, आफ्ना समुदायहरूको कामकार्वाही संचालन गर्ने काममा राष्ट्रिय आध्यात्मिक सभाहरूको क्षमता निक्कै बढेको छ । तिनीहरूले खासगरी सल्लाहकारहरू सँगको सहयोगको नयाँ उचाइबाट लाभान्वित भएका छन्, जसले विश्वभरिका स्थानीय स्तरबाट प्राप्त अर्न्तदृष्टिहरूलाई सुनुयोजित बनाएर व्यापक रुपमा फैलाउन सफल भएका छन् । यस समयमा क्षेत्रीय बहाई परिषद प्रभु धर्मको पूर्ण विकसित संस्थाको रुपमा प्रकट भयो, र अहिले २३० क्षेत्रमा यी परिषदहरू र तिनीहरूले निरिक्षण गर्ने तालिम प्रतिष्ठानहरू वृद्धिको प्रकृयालाई अगाडि बढाउने काम अनिवार्य सावित भएका छन् । हुकुकुल्लाहका प्रमुख संरक्षक धर्मभूजा अली मुहम्मद भार्गाले गर्दै आउनु भएका कार्यहरूलाई निरन्तरता दिनका लागि हुकुकुल्लाहको अन्तर्राष्ट्रिय ट्रस्टिजहरूको संचालक समिति सन् २००५ मा गठन गरियो र आज यसले विश्व भरिका ३३ वटा राष्ट्रिय र क्षेत्रीय संचालक समितिहरूका प्रयासलाई यसले समन्वय गर्दछ र साथै यिनीहरूले १००० भन्दा बढी प्रतिनिधिहरूको कामलाई निर्देशित गर्दछन् । यसै समयमा बहाई विश्व केन्द्रमा भएका विकास कार्यहरू थुप्रै छन्: बाबको समाधिका गराहरू बनाइएका र आर्कमा बनाइएका दुईवटा भवनहरू पुरा भए र अब्दुल-बहाको समाधिको निर्माण काम शुरु भएको छ, र यी बाहेक धर्मका बहुमुल्य पवित्र स्थलहरूलाई सुदृढ बनाउने र संरक्षण गर्ने कैयौं आयोजनाहरू पनि पुरा भए । बहाउल्लाहको समाधि र बाबको समाधिलाई वर्ल्ड हेरिटेज साइट अथवा विश्व सम्पदा स्थलको रुपमा मान्यता प्राप्त गरे, जुन मावनताका लागि अमूल्य स्थल बन्न पुगे । लाखौंको संख्यामा मानिसहरू यी पवित्र स्थानहरूमा आउन थाले र कुनै कुनै वर्षमा पन्ध्र लाख पुग्यो र विश्व केन्द्रले एकै समय सयौं संख्यामा तीर्थयात्रीहरूलाई स्वागत गऱ्यो, कहिले काहीं एक वर्षमा ५०००, र साथै यस्तै संख्यामा बहाई आगन्तुकहरू पनि आए: यी बढ्दो संख्याबाट हामी जति खुशी भएका छौं त्यति नै तिर्थयात्राको अनुग्रहमा भागलिन विभिन्न जनजाति तथा राष्ट्रहरूको प्रतिनिधित्व हेर्न पाएर खुशी भएका छौं । पवित्र लेखनीहरूको अनुवाद, प्रकाशन र वितरण पनि उल्लेखनीय रुपले बढेको छ, र साथ साथै बहाई रेफरेन्स लाइब्रेरी अथवा सन्दर्भ पुस्तकालयको पनि विकास भएको छ; यो बहाई संबन्धीत वेभ साइटहरू मध्य एउटा उल्लेखनीय सदस्य बन्न गएको छ र यो अहिले दश वटा भाषामा उपलब्ध छ । बहाई विश्व केन्द्र अरु ठाउँमा पनि विभिन्न खालका कार्यालय तथा संस्थाहरू स्थापना भए र तिनीहरूलाई सम्पूर्ण बहाई विश्वमा भइरहेका विभिन्न क्षेत्रका प्रयासहरूबाट सिक्ने प्रकृयालाई सहयोग गर्ने जिम्मा दिइयो । हाम्रो धर्मका दिदीबहिनी तथा दाजुभाइहरू, यी त हामीले बताउन सक्ने कथाको एउटा सानो अंश मात्र हो, जुन ती जो विश्वकै एक पीडित व्यक्तित्व थिए, उनी प्रतिको तपाईंहरूको भक्तिको फल हो । हामी त खाली ती मर्म स्पर्शी शब्दहरूलाई दोहोऱ्याउन सक्छौं जुन अब्दुल-बहाले

भावनाग्रस्त भएको बेलामा व्यक्त गर्नु भएको थियो । उहाँले ठूलो स्वरमा भन्नु भयो, " बहाउल्लाह तपाईंले यो के गर्नु भएको हो ?"

यो निर्णायक चौथाई शताब्दीको विशाल दृश्यबाट हामी सबै भन्दा पछिल्लो पाँच वर्षे योजना तिर ध्यान केन्द्रित गर्छौं, जुन विभिन्न दृष्टिकोणबाट त्यसभन्दा अगाडिका सबै भन्दा बेग्लै देखिन्छ । यो योजनामा हामीले विश्वमा बहाईहरूलाई वितेका बीस वर्षमा सिकेका सबै कुराहरूलाई पूर्णरुपले कार्यान्वयन गर्न प्रोत्साहित गरेका थियौं । हामीलाई खुशी लागेको छ हामीले आशा गरेको भन्दा बढी नै भएको छ, तर यो स्वाभाविक हो हामी बरद सौन्दर्यका अनुयायीहरूबाट ठूला कुराहरूको अपेक्षा गर्दछौं र तिनीहरूबाट भएका उपलब्धीहरू हेर्दा यी साँच्चै नै आश्चर्य लाग्दा थिए । पच्चीस वर्षमा भएका उपलब्धीहरूको यो अन्तिम चिन्ह थियो ।

यो योजना विशेष गरी स्मरणीय थियो कि यस अवधिमा दुई वटा पवित्र दुई सयौं जन्म जयन्ती मनाइयो, जसले विश्व भरिकै स्थानीय समुदायहरूलाई बढी उत्साहित बनाइयो । धर्मावलम्बीहरूको समूहले, पहिले कहिल्यै नदेखिएको मात्रामा र सजिलैसँग समाजको सबै वर्गहरूलाई ईश्वर अवतारको सम्मानमा संलग्न गराए । यो अझ फराकिलो सम्भावनाको शक्तिशाली सूचक थियो: धर्मको प्रगतिको लागि धेरै आध्यात्मिक उर्जा जारी गर्न सक्ने क्षमता । प्रतिक्रिया यति राम्रो थियो कि धेरै ठाउँमा राष्ट्रिय स्तरमा प्रभु धर्म अस्पष्टताबाट बाहिर निस्कन सक्यो । जुन परिस्थितिमा यो अप्रत्याशित थियो त्यहाँ धर्मप्रति उल्लेखनीय ग्रहणशीलता देखियो । हजारौं व्यक्तिहरू यस्तो भक्तिभावनासँगको भेटघाट ज्यादै प्रभावित भएका थिए, जुन अहिले सबै ठाउँका बहाई समुदायमा देखिएको छ । बहाई पवित्र दिनलाई हेरेर के हुन सक्छ भन्ने दृष्टि अपरिमित मात्रामा बढेको छ ।

यो योजनाका उपलब्धीहरूलाई संख्यात्मक दृष्टिबाट हेर्दा पनि १९९६ पछिका सबै योजनाहरूका उपलब्धीहरूलाई ढाकि दिएको छ । योजना शुरु हुँदाको समयमा कुनै बेला पनि १,००,००० भन्दा अली बढी प्रमुख क्रियाकलापहरू संचालन गर्ने क्षमता मात्र थियो र यो बीस वर्षको सामूहिक प्रयासको फलको रुपमा थियो । अहिले एकै पटक ३,००,००० क्रियाकलापहरू टिकाउ भइरहेका छन् । यी क्रियाकलापहरूमा भागलिनेको संख्या बढेर बीस लाख भन्दा बढी पुगेको छ, यो झण्डै तीन गुणा वृद्धि भएको हो । अहिले ३२९ राष्ट्रिय तथा क्षेत्रीय तालिम प्रतिष्ठानले काम गरिरहेका छन् र तिनीहरू क्षमता बढेको कुरा झण्डै साढे सात लाख व्यक्तिले यस श्रृखलाको कम्तीमा एउटा पुस्तक पुरा गरेकोबाट प्रमाणित हुन्छ, र समग्र व्यक्ति व्यक्तिले पुरा गरेका पाठ्यक्रम पनि दुईलाख पुगेको छ - यो पाँच वर्षमा एक तिहाई वृद्धि हो ।

जुन बढ्दो तिब्रताका साथ वृद्धि कार्यक्रमहरूलाई विश्वभरि संचालन गरिएको छ त्यसको आफ्नै प्रभावशाली कथा छ । यो पाँच वर्षे अवधिमा सबै ५,००० क्लष्टरहरूमा वृद्धि प्रकृया बढी तिब्र पार्न आह्वान गरेका थियौं । फलस्वरुप सघन वृद्धि कार्यक्रम दुई गुणा बढेर अहिले झण्डै ४००० पुगेको छ । हालको विश्वव्यापी स्वास्थ्य सम्बन्धी संकटको कारण नयाँ गाउँहरू तथा छरछिमेकमा क्रियाकलाप वृद्धि गर्न अथवा यो माहामारी शुरु भएको समयमा भरखरै शुरु गरिएका क्रियाकलापहरूलाई पनि अघि बढाउनु नसकिएकोले अझ उच्च संख्या हासिल गर्न सकिएन यस योजनाको अन्तिम वर्षमा तर, यो भन्दा अझ धेरै बताउनु पर्ने छ । योजनाको शुरुमा हामीले आशा व्यक्त गरेका थियौं वृद्धिको निरन्तरताको मार्गमा मित्रहरूले तेस्रो कोशेढुङ्गा पार गरेका क्लष्टरहरू संख्या सयौंको संख्यामा वृद्धि हुनेछ, खास गरि जुन ठाउँहरूमा ठूलो संख्यामा नयाँ व्यक्तिहरूलाई स्वागत गर्न सिकिएको थियो । त्यस बेला ४० देशहरूमा कूल संख्या २०० थियो । पाँच वर्षमा १०० देशहरूमा १००० पुगेको छ - विश्व भरिका सघन वृद्धि कार्यक्रमको एक चौथाई र यसले हाम्रा अपेक्षाहरू पार गरेका छन् । तर पनि यी अंकहरूले समुदाय कुन शिखरमा पुग्न सफल भएको छ भन्ने कुरा प्रकट गर्न सक्दैनन् । तीस भन्दा बढी क्लष्टरहरू जहाँ मुख्य क्रियाकलापहरू १००० लाई निरन्तरता दिइएको छ, त्यहाँको कूल संख्या केही हजार पुगेको छ र एउटै क्लष्टरमा २०,००० भन्दा

बढी सहभागीता रहेको छ । बढ्दो संख्यामा केही स्थानीय आध्यात्मिक सभाहरूले अहिले गाउँका बालबालिका र किशोर किशोरीहरूका लागि शैक्षिक कार्यक्रमहरू निरीक्षण गर्न थालेका छन्, र यही वास्तविकता केही शहरी छरछिमेकमा छन्, पनि देखिन थालेको छ । बहाउल्लाहको प्रकटिकरणसँगको संलग्नता, केही उल्लेखनीय अवसरहरूमा, व्यक्ति व्यक्ति, परिवार र विस्तारित सम्बन्धहरूलाई पार गरेको छ, र के देखिएको छ भने सम्बन्धित जन समुदाय एउटा सामूहिक केन्द्रतिर अघि बढ्दैछ । कहिले काहीं विरोधी समूहहरू बीचको पुराना दुश्मनीलाई विर्सिएका छन्, र केही सामाजिक संरचनाहरू र गतिशीलता ईश्वरीय शिक्षाहरूबाट प्रभावित भएर परिवर्तित भएका छन् ।

यस्तो उल्लेखनीय प्रगतिबाट हामी ज्यादै खुशी भएका छौं । समाज निर्माणमा बहाउल्लाहको धर्मको शक्ति बढी स्पष्टताका साथ प्रकट हुन थालेका छन्, र यही बलियो जगमा आगामी पाँच वर्षे योजना निर्माण हुनेछ । आशा गरिए अनुसार बढी बलियो क्लष्टरहरू आफ्ना छिमेकीहरूका लागि ज्ञान र श्रोतसाधनका भण्डारा बनेका छन् । र यस्तो एक भन्दा बढी क्लष्टर भएको क्षेत्रमा एक पछि अर्को क्लष्टरमा वृद्धि गर्ने क्षमताको विकास भएको छ । हामी फेरि यो कुरामा जोड दिन बाध्य भएका छौं कि प्रगति झण्डै सर्वव्यापि रुपमा भएको छ: एक ठाउँबाट अर्कोमा देखिने फरक मात्रामा मात्र हो । फौजको संख्यामा प्रवेश बारे समुदायको सामूहिक समझदारी र कुनै पनि परिस्थितिमा यसलाई संजीव बनाइराख्न सक्ने आत्माविश्वास गएका दशकौंमा कल्पना पनि गर्न सकिदैन थियो । ती गहन प्रश्नहरू जुन यति लामो समयसम्म अस्पष्ट थिए, र १९९६ मा ध्यानमा ल्याइएको थिए, अहिले आएर बहाई विश्वले सन्तोषजनक किसिमले उत्तर दिएको छ । धर्मावलम्बीहरूको एउटा यस्तो पुस्ता नै छ जसको सम्पूर्ण जीवनमा समुदायको प्रगतिको छाप स्पष्ट देखिन्छ । तर ती थुप्रै क्लष्टरहरू जहाँ उपलब्धीको हृदयलाई अझ विस्तार गरिएका छ त्यहाँ जे भएको छ त्यसलाई हेर्दा फौजको संख्यामा प्रवेशको उल्लेखनीय प्रगति ऐतिहासिक अनुपातको देखिन्छ ।

धेरै बहाईहरू परिचित भएको हुनुपर्छ कि धर्म संरक्षक ज्यूले बहाई युगहरूलाई कसरी क्रमबद्ध युगको रुपमा विभाजित गर्नु भएको थियो: निर्माणाधीन युगको पाँचौं युग सन् २००१ मा शुरु भयो । धर्म संरक्षकज्यूले दैवी योजनामा पनि निश्चित युगहरू भएको कुरा उल्लेख गर्नु भएको बारे कम ज्ञान छ । स्थानीय तथा राष्ट्रिय स्तरका संस्थाहरू स्थापना गर्ने र सुदृढ बनाउने काम भइरहेकोले यसलाई दुई दशकसम्म थाति राखिएको थियो, अब्दुल-बहाले कल्पना गर्नु भएको दैवी योजना १९३७ मा औपचारिक रुपमा उद्घाटन गरिएको थियो, पहिलो युगको पहिलो चरण शुरु हुँदाको बेलामा: सात वर्षे योजना जुन धर्म संरक्षकज्यूले अमेरिकाको बहाई समुदायलाई दिनु भएको थियो । पहिलो युग दश वर्षे धर्म युद्ध अर्थात "टेन इएर कुसेड" को समाप्ति सँगै १९६३ मा सकिएको थियो र फलस्वरुप विश्वभरि नै प्रभु धर्मको ध्वजा ठडाइएको थियो । दोस्रो युगको शुरुवातको चरण पहिलो नौ वर्षे योजना नै थियो, र त्यसपछि दश भन्दा बढी योजना आइसकेका छन् । यी योजनाहरू बाह्र महिना देखि सात वर्षेको अवधि सम्मका छन् । दोस्रो युगको शुरुवात कै समयमा दैवी योजनाका रचयिताद्वारा पूर्वज्ञान प्राप्त गरिए अनुसार बहाई विश्वले फौजको संख्यामा प्रवेशको सवभन्दा प्रारम्भिक शुरुवात देख्न थालिसकेको थियो: त्यसपछिका दशकहरूमा ती महान नामको समुदाय भित्रका समर्पित अनुयायीहरूका कैयौं पुस्ताले त्यस दिव्य वागमा ठूलो संख्याको वृद्धिलाई स्थायित्व दिनको लागि आवश्यक परिस्थिति सृजना गर्न कठोर परिश्रम गरे । र यस रिज्जवानको गौरवशाली मौसममा ती श्रमहरूका फलहरू कति प्रचुर मात्रामा देखिएका छन् ! ठूलो संख्याको सहभागिताले समुदाय क्रियाकलापहरू बढ्न जानु, भक्तिको झिल्का प्राप्त गर्नु र चाँढै नै योजनाको अग्रणी  धारमा सेवा गर्नु जस्तो प्रकृयाले भक्तिभावद्वारा गरिएको भविष्यवाणी एक वास्तविकतामा परिणत भएको छ । यस्तो स्पष्ट र प्रदर्शनयुक्त प्रगतिलाई प्रभुधर्मको इतिहासमा समावेश गर्नु पर्ने छ । हर्षित हृदय लिएर हामी स्वामीको दैवी योजनाको तेस्रो युग शुरु भएको घोषणा गर्न चाहन्छौं । उहाँको योजना चरण चरणमा युग पछि युग भएर प्रकट हुनेछ जब त्यस अधिराज्यको ज्योतिले प्रत्येक हृदयलाई प्रज्जवलित पार्नेछ ।

प्रिय मित्रहरू, दैवी योजनाको दोस्रो युग सँगसँगै सम्पन्न भएको यो पाँच वर्षे अभियानको समीक्षा त्यसको अन्तिम वर्षमा भएको उथलपुथल, जुन अहिले पनि जारी छ, त्यसको विशेष चर्चा नगरि पूरा हुँदैन् । यस अवधिमा घट्ने बढ्ने क्रम जारी रहेको पारस्परिक सम्बन्धमा लगाइएको प्रतिबन्धले धेरै जसो देशहरूमा समुदायको सामुदायिक प्रयासहरूलाई गम्भीर प्रहार गरेको हुन सक्छ, जसबाट उत्रिन वर्षौं लाग्न सक्थ्यो, तर दुई वटा कारण यसो भएन । पहिलो कारण हो, बहाईहरूको मानवताको सेवा गर्ने कर्तव्य बारे व्यापक चेतना, जुन संकट र कठिनाइका समय झन् महत्वपूर्ण हुन जान्छ । अर्को कारण हो - त्यस चेतनालाई अभिव्यक्ति दिने बहाई विश्वको क्षमता । धेरै वर्षदेखि व्यवस्थित कार्यको ढाँचा अपनाउने बानी बसेकोले यस अप्रत्याशित संकटको सामना गर्न मित्रहरूले रचनात्मकता र उद्देश्यको भावना प्रयोग गरे, साथै तिनीहरूले यी नयाँ दृष्टिकोणहरूलाई क्रमबद्ध रुपमा आइरहेको योजनाहरूमा पूर्ण रुप दिन परिश्रम गरेको ढाँचा अनुरुप सुसंगत बनाउन निश्चित गरे । यसको अर्थ हरेक देशमा आफ्ना स्वदेशवासीहरू सरह बहाईहरूले पनि गम्भीर कष्टहरू भोग्न परेको कुरालाई वेवास्ता गर्नु होइन; तर पनि, यी गम्भीर कठिनाइहरूको सामना गर्दा पनि यी अनुयायीहरू आफ्नो कर्तव्यमा केन्द्रित रहे । श्रोत साधनको आवश्यकता परेका समुदायलाई सहयोग पठाउने काम जारी रह्यो, सम्भव भएका ठाउँमा चुनाव सम्पन्न भयो, र सबै परिस्थितिमा धर्मका संस्थाहरूले आफ्ना कर्तव्य पुरा गर्दै गए । साहसी कदमहरू पनि चालिएको देखियो । यस रिज्वानमा साओटोमे र प्रिन्सेवको राष्ट्रिय आध्यात्मिक सभा पुन स्थापित हुँदैछ र विश्व न्याय गृहका दुईवटा नयाँ खम्बाहरू पनि खडा गरिदैछ : क्रोयोसियाको राष्ट्रिय आध्यात्मिक सभा, जुन  जाग्रेवमा अवस्थित हुनेछ र टिमोर-लेस्टेको राष्ट्रिय आध्यात्मिक सभा, जुन डिलीमा रहनेछ ।

त्यसैले अब एक वर्षे योजना शुरु हुन्छ । यसको उद्देश्य र आवश्यकताहरू हामी संविदा दिवसको अवसरमा पठाइसकेका छौं: यो योजना, छोटो अवधिको भएपनि त्यस पछि आउने नौ वर्षे योजनाको लागि बहाई विश्वलाई तैयार पार्न पर्याप्त हुनेछ । विशेष शक्तिको यो अवधि जुन दैवी योजनाका धर्मपत्रहरू प्रकट भएको भए सय वर्ष पछि शुरु भएको थियो त्यो अव अब्दुल-बहाको स्वर्गारोहणको शतबार्षिकीमा चाँडै नै समाप्त हुँदैछ, जसले निर्माणधीन युगको पहिलो शताब्दीको समापन र दोस्रोको शुरुलाई चिन्ह लगाएको छ । धर्मावलम्बीहरूको यस समूह एउटा नयाँ योजनामा प्रवेश गर्दैछ, जुन समयमा असुरक्षाको संक्रमणबाट सचेत भएको मानव जातिले विश्वव्यापि चुनौतिहरूको सामना गर्न आपसी सहयोग आवश्यक हुन्छ भन्ने कुरा बुझेको छ । तर पनि प्रतिस्पर्धा, स्वार्थ, पूर्वाग्रह र बन्द दिमाग जस्ता धेरै समयदेखि रहिरहेका बानीले एकता प्राप्त गर्ने दिशामा बाधा पुऱ्याइरहेका छन्, जब कि समाजमा बढ्दो संख्यामा मानिसहरू शब्द तथा कर्मद्वारा मानवताको अन्तर्निहित एकतालाई बढी मात्रामा स्वीकार्न आतुर छन् । हामी प्रार्थना गर्दछौं कि राष्ट्रहरूले आफ्ना मत भिन्नताहरूलाई हटाएर सामूहिक भलाईको पक्षमा अघि बढ्ने छन् । आगामी महिनाहरूलाई अन्धकारमा राख्ने अनिश्चितताहरूको बाबजुद हामी बहाउल्लाहसँग विन्ती गर्दछौं कि लामो समयदेखि आफ्नो अनुयायीहरूलाई दिइरहनु भएको कृपाहरू अझ प्रचुर मात्रामा दिनु हुनेछ, कि तपाईंहरू आफ्नो अभियानमा अघि बढ्नु हुनेछ, र उनको आरोग्यको सन्देश सँधै भन्दा बढी आवश्यक भएको यो समयको अशान्तिले तपाईंको मनस्थितिलाई असर गर्ने छैन ।

दैवी योजना एउटा नयाँ युग र एउटा नयाँ चरणमा प्रवेश गर्दैछ । पाना पल्टिएको छ ।

विश्व न्याय गृह